म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११३ आइतबार १७ मंसिर २०८० ने. सं. ११४४ कछलागा 3 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुशासन किन ?**

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न.
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न, मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न, जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न, सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## टोनी हेगन स्मृति पार्कमा आधा करोड रुपैयाँ लगानी

निशा गुरुङ

हेटौंडा, १६ मंसिर/ हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-१० स्थित टिसिएनमा पार्क निर्माण गर्न सुरु गरेको ५ वर्ष भएको छ । यो बीचमा करिव अधा करोड रुपैयाँ लगानी पनि भएको छ ।

हेटौंडाको टीसीएन क्षेत्रको खाली जमिनमा सुन्दर पार्क निर्माण गर्ने योजना हेटौंडा उपमहनगर पालिकाका तत्कालीन नगरप्रमुख हरिबहादुर महतलगायतको थियो । हेटौंडा सहरको परिकल्पनाकार डा. टोनी हेगनको नाममा पार्क निर्माण गर्ने नगरको यो अभियान स्थानीयले सकारात्मक मानेका थिए । पार्कमा हेटौंडाको दृश्यावलोकन गर्न मिल्ने भ्यूटावर पनि निर्माण गर्ने योजना थियो ।

स्वीट्जरल्याण्डका नागरिक डा. हेगन प्रसिद्ध भूगर्भविद् हुन् । राजा बीरेन्द्रले उनलाई नेपालको मानार्थ नागरिकता दिएका थिए । हेगनको जन्म सन् १९१७, मा र निधन २००३, मा भएको थियो । नेपाल स्वीस परियोजनासँग सम्बन्धित रहेका उनले नेपालको सुक्ष्म अध्ययन गरेका थिए । सन् १९५० मा उनी विकास विज्ञको रुपमा नेपाल आएका थिए । तत्पश्चात् उनी संयुक्त राष्ट्रसंघ विकास नियोगको प्रतिनिधिका रुपमा नेपालमा रहेर काम गरे ।

नेपालको बसाइमा सुरुको ९ वर्षमा उनले करिव १४ हजार किमि पैदलयात्रा तय गरी नेपालको परिचय गराउने पुस्तक प्रकाशन गरी अन्तर्राष्ट्रिय समुदायमा नेपालको परिचय दिलाएका थिए । नेपालको सेवामा करिव ५० वर्ष समय बिताएका उनले आफ्नो अनुभवलाई आफ्नो पुस्तकमा समेटेका छन् । सगरमाथा नेपालमा पर्छ भनेर प्रमाणीत गर्नेदेखि अन्नपूर्ण क्षेत्रको पदमार्गको पहिचान गर्ने कार्यमा डा. हेगनको योगदान रहेको थियो । नेपाल भ्रमण गर्ने उनी पहिलो विदेशी नागरिक हुन् । उनका २ छोरी र १ छोरा छन् ।

उनलाई नेपाल सरकारले प्राज्ञमा नियुक्त गर्‍यो । त्यसैगरी उनी तत्कालीन सरकारले राजाको नाममा स्थापना गरेको वीरेन्द्र प्रज्ञा अलङ्कारबाट विभूषित भएका थिए । नेपालको संस्कृति, सम्पदा र सभ्यतासम्बन्धी अनेकौं दुर्लभ तस्विरहरु उनीसँग सुरक्षित थियो । त्यसलाई नेपालका अध्ययनकर्ताले उपयोग गरेका छन् । नेपालको अध्ययन गर्ने क्रममा उनी वि.सं. २०१४ तिर हेटौंडा आइपुगेका थिए । भारतबाट नेपाल प्रबेश गर्ने क्रममा पैदलै आएका हेगनले चुरियामाईको सुरुङ भएको स्थानबाट हेटौंडा आएको मानिन्छ ।

सालको रुख भएको स्थानमा मानववस्ती बस्न सक्छ भन्ने मान्यता उनीसँग थियो र आधुनिक हेटौंडाको रुपमा व्यवस्थित सहर बसाउने परिकल्पना गरे । त्यही परिकल्पनालाई हेटौंडा नगर पञ्चायतका पहिलो प्रधानपञ्च बासुदेव रिजालले कार्यान्वयनमा ल्याउने जमर्को गरेको पाइन्छ । हेटौंडाको वस्ती विस्तार र सहरीकरणको अवधारणाका सूत्रधार टोनी हेगनलाई हेटौंडावासीले सम्झना गर्नु उनीप्रतिको हार्दिक श्रद्धा हो भन्ने मान्यतास्वरुप उनको नाममा स्मृतिपार्क परिकल्पना गरी उनको नाममा पार्क र अर्धकदको सालिक राखिएको छ ।

मञ्चले तयार गरेको पार्कको गुरुयोजनामा भएका निर्माणलगायत अन्य कार्य प्राथमिकताका साथ गरिरहेको छ । विभिन्न निकायबाट स्रोत जुटाउँदै क्रमिक रुपमा कार्य गर्दै आएको छ । डा.टोनी हेगन स्मृतिपार्क विकास मञ्चको तेश्रो परिषद्को बैठक एवम् दोश्रो साधारणसभा शनिबार मञ्चका संरक्षक तथा निवर्तमान नगरप्रमुख हरिवहादुर महतको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय उद्यान महासंघ नेपालका उपाध्यक्ष रघुनाथ खुलाल र हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाको विशेष आतिथ्यता रहेको थियो ।

मञ्चका अध्यक्ष इन्द्रप्रसाद नेपालको अध्यक्षतामा सम्पन्न साधारणसभामा हेटौंडा उपमहानगरपालिकाका विज्ञ सल्लाहकार डा.कृष्णप्रसाद धिताल, वरिष्ठ पत्रकार प्रताप विष्ट, नेपाल तामाङ घेदुङ संघका अध्यक्ष कालु घलान, नेत्रज्योति टोल विकास सस्थाका सचिव मोहनवहादुर खडकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सभामा हेटौंडा नगरको परिकल्पनाकार भूगर्भविद डा. टोनी हेगनको वारेमा वक्ताहरुले भनाई राखेका थिए । साधारणसभाको सहजीकरण मञ्चका सचिव रामप्रसाद शर्माले गरेका थिए । कार्यक्रममा विधान शंसोधन प्रस्तावलगायत मञ्चको कार्यक्रम प्रगति तथा आर्थिक प्रतिवेदन पास गरेको थियो । साधारण सभाले आगामी ३ वर्षका लागि कार्यसमिति, अनुगमन समिति र लेखा समिति सर्वसम्मत चयन गरेको छ । मञ्चको अध्यक्ष इन्द्रप्रसाद नेपाल, उपाध्यक्ष कृष्णप्रसाद दाहाल, सचिव रामप्रसाद शर्मा, कोषाध्यक्ष ज्ञानेन्द्रबहादुर कार्की, सहसचिव सुरेश लामाव्लोनलगायत चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा सदस्यहरुमा फूलमाया गुरुङ, मदनकुमार लामा, शर्मिला श्रेष्ठ, रीता कुमारी लामा, हीरा लामा, सोमबहादुर लामा चयन भएका छन् । मञ्चको लेखा समिति संयोजकमा गणेशमान श्रेष्ठ, सदस्यमा शंकर कुवर, संजयकुमार न्यौपाने चयन भएका छन् । त्यस्तै अनुगमन समितिका संयोजक भीमप्रसाद वास्तोला, सदस्यमा श्रीकृष्ण दवाडी र राजकुमार विश्वकर्मा चयन भएका छन् ।

## एसियाली खुला बुद्धिचालमा सुभयान र मिनहाज उपाधि नजिक




साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडामा पहिलोपटक भएको हेटौंडा कप एसियाली खुला रेटिङ बुद्धिचाल प्रतियोगिताअन्तर्गत् शनिवार सातौं चरणको खेल सकिएका छन् ।

प्रतियोगितामा भारतीय २३९३ रेटेड शीर्ष खेलाडी सुभयान र बंगलादेशी खेलाडी मिनहाज उद्दिन उपाधि नजिक पुगेका छन् । सुभयानले भारतकै राहुल गुरुङविरुद्ध कारोकान प्रणालीमा सेतो गोटीबाट खेल आरम्भ गरेका थिए । उक्त खेलमा राहुलले छैटौं चाल अन्तर्गत बिसप डी सिक्स चाल्दै सानो गल्ती गर्न पुगे । जसको फाइदा लिँदै सुभयानले सोह्र चालभित्र छिटो खेल आफ्नो पक्षमा लिन सफल रहे ।

सुभयानले सात चरणमा पाँच जित र दुई बराबर गर्दै ६ अंकका साथ अग्रस्थान बनाएका छन् । आठौं चरणको खेलमा उनले बंगलादेशी २१९३ रेटेड एफ अहमद शेख नासिर सँग कालोगोटी लिएर प्रतिस्पर्धा गर्नेछन् । यस प्रतियोगिता मार्फत ७ रेटिङ वृद्धि गर्दै अन्तर्राष्ट्रिय आईएम उपाधि प्राप्त गर्ने लक्ष रहेको उनले बताए । शनिबारै सम्पन्न दोश्रो बोर्डमा २२१७ रेटेड बंगलादेशी आईएम मोहम्मद मिनहाज उद्दिनले भारतीय १९७६ रेटेड खेलाडी एएफएम सौरव चौबेमाथि कठिन जीत दर्ता गर्दै ६ अंकका साथ संयुक्त अग्रस्थानमा उभिन सफल बने ।

आईएम मिनहाजले ओपन सिसिलियन भारिएशन इफोसी सिक्स, नाइट एफ थ्री नाइट एफ सिक्सबाट खेल सुरु गर्दै ४२ औं चालमा चलाखी गर्दै पाउन अप गरे । उपाधिका लागि जित्नै पर्ने आठौं चरणको अर्को खेल उनकै समकक्षी बंगलादेशी एफएम सरिफ होसेनसँग कालो गोटी लिएर खेल्ने छन् । सहआयोजक हेटौंडा चेस क्लबको व्यवस्थापनमा चलिरहेको प्रतियोगितामा बंगलादेशी एफएम नयम हक, भारतका अमरदीप बर्टक्के, अर्बिन्दर प्रितसिं, बंगलादेशी आईएम सकिल अबु सफिन, एफएम सरिफ होसेन र एफएम शेखनासिर ५.५ अंक जोड्दै सामूहिक दोश्रो स्थानमा सुरक्षित रहन सफल भएका छन् ।

आठौं चरणको खेलमा नयन हकले अबु शेखसँग, अमर दीपले अर्बिन्दर प्रितसँग, नासिर शेखले सुभयानसँग र सरिफ होसेनले मिनहाजसँग कडा प्रतिस्पर्धा गर्ने छन् । सहआयोजक मकवानपुर बुद्धिचाल संघको रेखदेखमा भइरहेको अन्तर्राष्ट्रिय खेलमा एरिना आईएम, शुश्रुत दाहाल, युवा खेलाडीद्वय पुरुषोत्तम सिलवाल र कुशल बेलवासे ४.५ अंक बनाएर नेपाली खेलाडी मध्येबाट अगाडि रहन तछाडमछाड गरिरहेका छन् ।

उनीहरुसँगै पूर्वनेपाल च्याम्पियन एफएम पुरुषोत्तम चौलागाईं, झापाका राजन सुवेदी, वर्तमान नेपाल च्याम्पियन एफएम रुपेश जैसवाल, युवा स्वर्णिम दुवाल र मुहान श्रेष्ठ समान ४ अंक प्राप्त गर्दै खेलिरहेका छन् । यसैगरी भारतीय महिला खेलाडी मरियम फातिमा ४.५ अंकका साथ पहिलो र श्रीलंकन महिला खेलाडी सचिनि रानासिंघे ४ अंक बनाई दोश्रो स्थानमा रहन सफल भएका छन् ।

नेपालका भेट्रान खेलाडी मोहनसिं प्रधानले ३ अंक जोड्दै आफूलाई प्रतिस्पर्धामा उभ्याउन सफल भएका छन् । आइतबार पुरस्कार वितरण एवं समापन हुने एसियाली खुला बुद्धिचाल प्रतियोगिताको कूल पुरस्कार राशी पाँच लाख सतासी हजार पाँच सय रुपैयाँ रहेको छ ।

शीर्ष १५ खेलाडी, सर्वोकृष्ट महिला, वेष्ट लोकल, वेष्ट भेट्रान, यू १०, यू १२, यू १४, यू १६, यू १८, वेष्ट अनरेटेड र १५००, १७००, १९०० मुनिका रेटेड खेलाडीहरु गरी ३८ जना प्रतियोगितामा सहभागी विजयी खेलाडीलाई वितरण गरिने जानकारी मकवानपुर जिल्ला बुद्धिचाल संघलाई संघका अध्यक्ष मनोज श्रेष्ठले जानकारी गराएका छन् ।

## चौकीटोल-लालझाडी पुल निर्माणमा जनप्रतिनिधिको चासो



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१ को चौकीटोल-लालझाडी पक्की पुल निर्माण छिटो गर्न निर्माण व्यवसायीलाई जनप्रतिनिधिले ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेश बर्तौला र हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेले पुल निर्माण छिटो सकेर नागरिकको जीवनयापनमा सहजता ल्याउन निर्माण व्यवसायीको ध्यानाकर्षण गराएका हुन् । हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर १ स्थित राप्तीखोलाको चौकीटोल-लालझाडी पक्की पुल निर्माणमा ढिलाई भएको भन्ने स्थानीयको व्यापक गुनासो पछि यातायात निर्देशनालय, स्थानीय, जनप्रतिनिधि र निर्माण व्यवसायी सहितको त्रिपक्षीय छलफल भएको थियो ।

छलफलका क्रममा स्थानीयले आफूहरु बर्सेनि पुल बन्ने आशामा बस्ने गरेको तथा पुलको काम सुस्त भएको हुंदा आफूहरु तुइन र साँघु तर्न बाध्य भएकोले पुलको काम किन ढिला भयो भनेर प्रश्न गरेका थिए । उनीहरुले बगरमा दुई वटा मेसिन आएर बस्ने तर, काम भने नभएको भन्दै ठेकेदार वा कार्यालय कस्को कमजोरीले गर्दा काम नभएको हो भनेर प्रश्न गरेका थिए । छलफलका क्रममा निर्माण व्यवसायी मिलन पाठकले पुलको काम ढिलाई हुनुमा आफ्नो दोष नभएको तथा कार्यालयले डिजाईन स्टमेट परिवर्तन गर्दा र पछिल्लो बजारको मन्दिले गर्दा काममा समस्या भएको प्रस्ट्याएका थिए ।

उनले आफूले काम गर्न इच्छुक भएको वताउदै मेसिन तथा आवस्यक सरसामान निर्माणस्थलमा खसालेको तथा आफूलाई काम गर्ने वातावरण तैयार पार्न स्थानीयबासी, जनप्रतिनिधि तथा पूर्वाधार कार्यालयलाई अनुरोध गरेका थिए । छलफलका क्रममा मकवानपुर २ बाट निर्वाचित सांसद बर्तौलाले स्थानीय जनताहरु बर्सेनि राप्तीबाट प्रताडित भएको बताउँदै काममा समस्या आए आफू पनि आवस्यक वातावरण बनाउन तैयार भएको तर, पुल निर्माणमा ढिलाई नगर्न आग्रह गरेका थिए । यातायात पूर्वाधार निर्देशनालय प्रमुख लोकनाथ रेग्मीले कार्यालयको तर्फबाट कुनै व्यवधान नरहेको प्रस्ट्याउदै आफूले पेमेन्टमा पनि ढिला नगर्ने तर, काम भने छिटो हुनुपर्ने उल्लेख गरे ।

हेटौंडा-१ का वडाअध्यक्ष न्यौपानेले वडा कार्यालयले आवस्यक वातावरण बनाउन र काममा श्रमदान दिन समेत स्थानीय तयार रहेको वताए । तीनपक्षीय छलफल पछि निर्माण व्यवसायीले कामको सेड्युल तैयार गरी कार्यालयमा एक साताभित्र बुझाउने र त्यसैअनुरुप काम सम्पन्न गर्ने सहमति समेत भएको छ ।

## बागमती प्रदेशप्रमुख शर्मा चीन भ्रमणमा

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा चीन भ्रमणमा गएका छन् । पाँच सदस्यीय टोलीसहित शर्मा एकसाता चीन भ्रमणमा गएका हुन् । शनिबारबाट सुरु भएको प्रमुखको भ्रमण सकिएर प्रमुख मंसिर २१ गते नेपाल फर्कने कार्यक्रम रहेको छ ।

प्रमुखको भ्रमण टोलीमा प्रमुख शर्मा पत्नी उर्मिला चौलागाईं, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र प्रदेशप्रमुखको कार्यालय बागमती प्रदेशका उपसचिव गोविन्द प्रसादपौडेल रहनुभएको छ । जनवादी गणतन्त्र चीनको युनान प्रदेशबाट प्रदेशप्रमुख शर्माको नेतृत्वमा पाँच सदस्य भ्रमण टोलीलाई भ्रमणको लागि निमन्त्रणा भई आएकाले टोली शनिबार अपरान्ह ५ बजे प्रस्थान गरेको हो ।

भ्रमणबाट बागमती प्रदेश र जनवादी गणतन्त्र चीनका युनान प्रदेशबीच मित्रवत सम्बन्ध स्थापित भई कृषि पर्यटनलगायतका क्षेत्रमा आपसी सहयोगको वातावरण सृजना हुने अपेक्षा गरिएको छ । बागमती प्रदेशप्रमुख शर्मा वैदेशिक भ्रमण चीनमा रहेकाले यस अवधिको कार्यभार गण्डकी प्रदेशप्रमुख पृथ्वीमान गुरुङले पाएका छन् ।

बागमती प्रदेशप्रमुखको अनुपस्थितिमा प्रदेशप्रमुखले गर्ने दैनिक प्रशासनिक कार्य सम्हाल्ने जिम्मेवारी राष्ट्रपति रामचन्द्र पौडेलले गण्डकी प्रदेशप्रमुख गुरुङलाई दिइएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

**कार्यालय व्यवस्थापक आवश्यकता**

यस सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा व्यवस्थापक आवश्यक भएको हुँदा तपशिल बमोजिमका योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट हस्तलिखित निवेदन सहित आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थाको मुख्य कार्यालयमा बुझाउन सूचित गरिन्छ ।

| विज्ञापन नं. | पद, संख्या | योग्यता तथा अनुभवहरु | उमेर |
|---|---|---|---|
| १-२०८०/०८१ | पद : व्यवस्थापक<br>संख्या : १<br>नियुक्तिको किसिम : अस्थायी<br>दस्तुर शुल्क : रु. ५००। | शैक्षिक योग्यता : व्यवस्थापन संकायबाट स्नातक वा सो सरह, कम्प्युटर सम्बन्धी ज्ञान भएको, सवारी चालक अनुमति पत्र प्राप्त भएको र सम्बन्धित क्षेत्रको अनुभव प्राप्त भएकालाई प्राथमिकतामा राखिनेछ । | ४० वर्ष ननाघेको |

**आवश्यक कागजातहरू :**
१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बायोडाटा ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. कम्प्युटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
५. पासपोर्ट साइजको फोटो १ प्रति ।
६. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
७. दरखास्त दिने अन्तिम मिति : २०८०।०९।०२
८. दरखास्त दिने स्थान : सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हेटौंडा-१०, मकवानपुर
९. सम्पर्क मिति : २०८०।०९।०५ गते कार्यालय समयभित्र ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने ।
११. तलब आपसी समझदारीमा ।
विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-१०, मकवानपुर
०५७-५२३२७०, ९८४५०२८९२८, ९८४५०२५९३४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हजारौं हेक्टर जमिन बाँझो

बागमती प्रदेश सरकारले केही समय अघि कुनैपनि ब्यक्तिले खेतीयोग्य जमिन बाँझै राखेको पाइएमा कारबाही गर्ने घोषणा गरेको थियो । तर, घोषणा गर्ने सत्तासिन ब्यक्तिकै खेत बाँझो रहेका कारण कारबाही प्रक्रिया अगाडि बढ्न सकेन । यही प्रदेशमा अझै पनि हजारौं हेक्टर जमिन खेती नगरी बाँझो राख्ने गरिएको छ । यहाँ खेतीयोग्य जमिनमध्ये ३८ हजार ६३५ हेक्टर जमिन बाँझो रहेको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । प्रदेशमा कुल ५ लाख १३ हजार ७१८ हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये १ लाख ५९ हजार ७८२ हेक्टरमा मात्रै सिँचाई सुविधा छ । यद्यपि ३ लाख ८८ हजार ९८५ हेक्टर जग्गामा खेती भइरहेको प्रदेशको कृषि मन्त्रालयले जानकारी दिएको छ । बागमती सरकार गठन भएलगत्तै बाँझो जमिन जोतेर खेती गर्ने नीति तथा कार्यक्रम ल्याइए पनि त्यसको कार्यान्वयन भने निकै सुस्त छ ।

बाँझो जमिनमा खेती गर्नेलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश सरकारको विगतका वर्षदेखि विभिन्न कार्यक्रम सञ्चालनमा छन् । ती कार्यक्रमले बाँझो जमिनको उपयोग भने बढेको छैन । प्रदेशको १३ जिल्लामध्ये सिन्धुपाल्चोकमा सबैभन्दा खेतीयोग्य जमिन रहेको छ । यहाँ ७३ हजार ७१० हेक्टर खेतीयोग्य जमिन छ । योमध्ये ४७ हजार ४७५ हेक्टरमा मात्रै हाल खेती भइरहेको छ भने ६ हजार ८९२ हेक्टर जग्गा बाँझो राखिएको छ । यसैगरी ६२ हजार ७१३ हेक्टर खेतीयोग्य जमिन भएको सिन्धुली जिल्लामा जम्मा ४९ हजार ७८९ हेक्टरमा मात्रै खेती गरिएको छ । यहाँको ४ हजार ५८ हेक्टर जमिन बाँझो छ । यसैगरी ६१ हजार ५९८ हेक्टर खेतीयोग्य जमिन रहेको काभ्रेपलाञ्चोकमा ४ हजार ९६ हेक्टर खेतीयोग्य जमिन बाँझै छ । प्रदेशको तेस्रो ठुलो खेतीयोग्य जमिन भएको काभ्रेमा ६१ हजार ७१० हेक्टर जमिन खेती योग्य छ, जहाँ ४४ हजार ७७५ हेक्टर जग्गामा मात्रै खेती भएको छ । यसैगरी नुवाकोटमा ४८ हजार २५३ खेतीयोग्य जमिनमध्ये १ हजार ४ हेक्टर जमिन बाँझो रहेको छ । धादिङमा ४८ हजार १३६ हेक्टरमध्ये ४ हजार २९ हेक्टर, चितवनमा ४८ हजार ५३७ हेक्टरमध्ये ५७६ हेक्टर, दोलखामा ४४ हजार ५१३ हेक्टरमध्ये २ हजार ९२७ हेक्टर, मकवानपुरमा ३५ हजार ७७९ हेक्टर मध्ये २ हजार ५०५ हेक्टर जग्गा बाँझो रहेको मन्त्रालयको तथ्याङ्ले देखाएको छ । यसैगरी रामेछापमा २८ हजार ४३४ हेक्टरमध्ये १ हजार ९५६ हेक्टर, काठमाडौंमा २१ हजार २०० हेक्टरमध्ये ३ हजार ३३ हेक्टर बाँझो छ ।

रसुवामा १६ हजार ८११ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ६३२ हेक्टर, ललितपुरमा १५ हजार २९६ हेक्टरमध्ये ४ हजार ३८२ हेक्टर र भक्तपुरमा कुल १२ हजार ७३८ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ५५४ हेक्टर जग्गा बाँझो रहेको छ । खेतीयोग्य जमिन प्लटिङ गरेर घडेरीमा विक्री भएपछि आवास नबनेका जमिन पनि टुक्राटुक्रा भएर बाँझो नै रहेको छ । नेपालको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान १७ दशमलव १२ प्रतिशत रहेको छ । कृषिप्रधान मुलुकमा कृषिपेशाबाट घरबार चलाउन नसक्ने अवस्थाबाट किसान गुज्रिनु बिडम्बनाको विषय हो । आफ्नो खेतबारी बाँझै राखेर भारतीय मुलुकबाट खाद्यान्न, फलफूल, तरकारीलगायत दैनिक उपभोग्य बस्तु किनेर खाने प्रबृत्तिको अन्त्य गर्नु तीनै तहका सरकारको लागि चुनौती बनेको अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १८ गते सोमबार, ४ डिसेम्बर २०२३ । सप्तमी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४०, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु समस्याले सताउनेछ | **तुला** | : विवाद बढ्न सक्नेछ |
| **वृष** | : आफन्तले धोका दिन सक्नेछन् | **वृश्चिक** | : उत्साह कम हुनेछ |
| **मिथुन** | : मनमा उमङ्ग बढ्नेछ | **धनु** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ |
| **कर्कट** | : रमाइलो छोटो यात्रा हुनेछ | **मकर** | : उदर-विकार हुन सक्नेछ |
| **सिंह** | : काम गर्ने आत्मबल बढ्नेछ | **कुम्भ** | : परिवारमा उन्नति हुनेछ |
| **कन्या** | : अरुको विश्वास जित्न सकिनेछ | **मीन** | : काममा रोकावट आउन सक्नेछ |

# संवैधानिक राजसंस्था पनि असहज



कुलचन्द्र वाग्ले

यतिबेला राजतन्त्र (संस्था) को विषयमा चर्को बहस छ । सत्र वर्षअघिसम्म नेपालमा राजतन्त्र विद्यमान थियो । राजतन्त्र बिदा गरिएको वर्ष जन्मेको बच्चा पनि यतिबेला सत्र वर्षे भएको छ ।

राजतन्त्रको बहससँगै केही प्रश्न अनुत्तरित छन् र तिनको उत्तर खोजिनु आवश्यक छ । यस्ता केही प्रश्नको उत्तर खोज्दा राजतन्त्रको औचित्य र आवश्यकता वा इतिहासमा उसको काम कर्तव्य कस्तो थियो ? भन्ने विषयतिर हाम्रो अध्ययन जान्छ । यस्तो अध्ययनको निष्कर्षमा राजतन्त्र वा राजसंस्था भन्नेहरूको मोहको औचित्य र सान्दर्भिकता पनि दाँज्न सकिन्छ वा दाँज्नुपर्छ ।

अब राजतन्त्र किन वा राजसंस्थाको आग्रह, आवश्यकता किन ? हटाइ सकिएको राजतन्त्र फेरि किन चाहियो नेपालमा ? राजतन्त्र फर्काउन चाहने र बोल्नेहरूको उत्प्रेरणा के वा को हो ? र राजतन्त्र नेपाली जनताले फालेका हुन् कि आफ्नै कृत्यकर्म वा निर्दलीय मानसिक भूतको परिणाम उसले बहिर्गमन रोज्नु परेको हो ? यस्ता अनुत्तरित प्रश्न छोडेर राजतन्त्रको आग्रह सान्दर्भिक सुनिदैन ।

विश्वबाट बिदा गरिएको राजतन्त्र पुन: फर्किएर शासनारुढ भएको कहीं छ ? बेलायतको समय सन्दर्भ बेग्लै हो । त्यसो त जनतालाई सम्मान गरेर बसेका राजा अर्को भिन्न कुनै देशको समेत सम्मानित वा संवैधानिक राष्ट्रध्यक्ष मानिएका पनि त छन् । नेपालको प्रसंग भने बेग्लै रह्यो ।

खासगरी यस्ता प्रश्नको उत्तर राजा भन्नेहरूले खोज्न र बुझ्न जरुरी छ । राजतन्त्रपछि अहिलेको सत्र वा त्यतिबेलाको पाँच छ बर्षको बालक यतिबेला बीस, पच्चीसको युवा भएका छन् । ती जहाँसुकै होउन् तर राजतन्त्रको आग्रह किन भन्ने प्रश्न लिएर किनारमा सुन्ने अवस्थामा छन् । तिनीहरू पढ्न पनि र बुझ्न पनि सक्छन् ।

राजतन्त्रवादीले यस्ता प्रश्नको उत्तर दिनु जरुरी छ । भू सामरिक वा इतिहासको धरातलमा वर्तमान र भविष्यको लागि राजतन्त्र आवश्यक किन ? यसको सैद्धान्तिक र व्यवहार लक्षित कारण पुष्टि गर्न सक्नुपर्छ । उद्देश्य प्रस्ट पुष्टि हुनुपर्छ ।

के अहिलेको युगमा राजालाई भगवानको अंश भन्दैमा यसको सत्यता र औचित्य पुष्टि हुन्छ वा जन्ममा आधारित कुनै वंश र जहानिया शासन सत्ताको आवश्यकता पुष्टि गर्न सकिन्छ ? वा राजाहरुलाई धर्मसँग जोड्न हुन्छ र मन्दिर धाउँदैमा कसैलाई धर्मको प्रतीक बन्न वा मानिन सकिन्छ ?

के नेपालको भूराजनीति संवैधानिक राजसंस्थाको लागि सहायक हुन्छ वा भएको छ ? राजा के कारण थिए र के कारण मासियो ? राजतन्त्रमा प्रधानमन्त्रीको हैसियत कहाँ थियो ? शाहाज्यादा र ज्यादीहरुसम्मको ज्यूनार शासन ज्यादतीको वंश जरा,जंजाल कहाँसम्म फैलिएको थियो ? परिवारवादको योभन्दा भद्दा नमूना कहाँ कुन सत्तामा हुन्छ ?

राजालाई राष्ट्र र राष्ट्रिय एकताको प्रतीक भन्ने र बीपी, प्रजातन्त्र वा आलोचनात्मक चेतलाई अराष्ट्रिय तत्व(अत)करार गर्नेहरूले थाहा पाउँदा हुन्छ -राजतन्त्रले 'अत' करार गरिएका र भनाइएका कुनै पनि नेताले कालापानी, लिम्पियाधुरा, लिपुलेक वा सरगरमाथाको उत्तरी पानी ढलो अरूलाई सुम्पिएका होइनन् । सुम्पिने पनि छैनन् सायद । हो, अहिलेकाले शासन चलाउन जानेनन् र भ्रष्टाचारमा डामिए तर यिनलाई सुधार्न वा नसुए उखाल्न यही पद्धतिमा सम्भव छ । जनताको हातमा छ ।

पहिले राजतन्त्रमा रमाउने र अहिले राजतन्त्र ब्यूत्याउने ध्येयले संवैधानिक र ाजसंस्था भन्नेहरूले यो तथ्य बुझ्न आवश्यक छ कि संवैधानिक राजसंस्थाको माग नेपालमा पुरानो हो । नेपाल आधुनिक समयमा प्रवेश गरेसँगै खोपीमा बन्दी राजा मुक्त भएको हो र त्यतिबेलैदेखि संवैधानिक राजसंस्था होस् वा बसोस् भन्ने राजनीतिक अपेक्षा सार्वजनिक भएको हो ।

अहिले फर्कन चाहने राजतन्त्रलाई त्यो जनअपेक्षा किन मान्य भएन ? मानिएको भए के राजसंस्था जान्थ्यो ? तन्त्रको लिप्सामा चुर्लुम्म डुबैकै कारण तन्त्र त रहेन नै कथित संस्थासमेत समूल सदाको लागि गयो । 'जबर्जस्ती' राजा बनाइएको अन्तिम राजा नै यी परिघटनाका शतप्रतिशत जिम्मेवार भए ।

नेपालका अग्रणी चिन्तक बीपी कोइरालाले सम्पूर्ण राजनीतिक जीवन संवैधानिक राजसंस्थामा उसको भविष्य, औचित्य र स्थायित्व दर्शाउनुभयो । यो सत्य राजा र जनतालाई समेत बुझाउन स्वजीवन एवं चिन्तन लगाउनुभयो । किन त्यो सत्य मानिएन ? बीपीलाई नौ वर्ष उसैले थुन्यो । आठ वर्ष प्रवासमा लखेट्यो । अहिले बीपीलाई उद्धृत गर्दै राजाको औचित्य खोज्नेहरूले यो बुझ्नु र उत्तर दिनसक्नु पर्छ ।

एउटा कुरा बीपी निरपेक्ष राजावादी वा राजतन्त्रको नभएर प्रजातान्त्रिक, संवैधानिक राजसंस्थाको पक्षधर हो । बीपीको लेख, अन्तर्वाता र कृतिबाट यो कुरा बुझिन्छ । 'जनतासँग आफूलाई सँगै नराख्ने वा सँगै नठान्ने राजालाई जनताले पनि हटाइ दिन्छन्'भन्ने विषयमा बीपी स्पष्ट हुनुहुन्छ र यो बोल्नुभएको पनि छ । उहाँको सन्देश, सहयोगलाई आत्मसात नगर्दा नै वा बुझ पचाएर जनताको सार्वभौम स्वघोषित शासक हुने अहंकारको प्रतिफल राजा फालिएका हुन् ।

राजा वीरेन्द्रको शासनावधिको अलग समीक्षा हुनुपर्छ । तर उनको वंश नासपछि राजनीतिक दल वा नेपाली नागरिकले 'जबर्जस्ती' सिंहासनमा आसीन गराइएका ज्ञानेन्द्रको 'देखिने र सुनिने राजा' बन्ने महत्त्वाकाक्षा यतिबेला पुन: जागृत हुन खोजेको मात्र हो । ज्ञानेन्द्र कसरी सिंहासनारुढ भए वा परित्यक्त गरिए ? यो प्रश्नको इतिहास खोज्नुपर्छ ।

मेरो पुस्ताले निरंकुश राजशाही बेहोरयो । त्यसका विरुद्ध लड्यो पनि । तैपनि म बीपी चेतनाबाट प्रशिक्षित संवैधानिक राजसंस्थाकै पक्षमा थिएँ । तर, राजाहरू नै त्यो सम्मान मान्न र लिन तयार देखिएनन् । सधैँ तन्त्र चलाउन उद्यत देखियो र हाम्रो मान्यता बदलियो । अर्थात्, तन्त्र जनताको हुन्छ राजाको मानिदैन भनियो । हाम्रो पुस्ता प्रजातन्त्र भनियोस् कि लोकतन्त्रको उपज हो ।

भारतको दिल्लीबाट ससम्मान फर्काइ ल्याइएका राजा त्रिभुवनले 'अब नेपाली जनताले चुनेको वैधानिक संस्थाले बनाएको संविधानअनुसार शासन हुने' सार्वजनिक प्रतिज्ञा गरे । तर त्यो प्रतिज्ञा उनले कहिल्यै पूरा गरेनन् । किन ?

उनीपछि राजा भएका उनका जेठा छोरा महेन्द्रले त प्रथम जननिर्वाचित संसद् नै विघटन गरिदिए । 'कु' गरे । जनताले चुनेको पहिलो सरकारलाई सेनाको बलमा जेलमा थुने । त्यतिबेला राजा महेन्द्रलाई भारतका प्रधानमन्त्री जबाहरलाल नेहरुले अति सम्मानपूर्वक चिठी लेखे-'मैले त प्रधानमन्त्री बीपी कोइरालाको नेतृत्वको सरकार विघटन गर्नमात्र भनेको थिएँ तपाईंले त जननिर्वाचित संसद् नै विघटन गरिदिनु भयो... ।' यो चिठीको सन्देश बुझ्न आवश्यक छ ।

नेपालमा राजतन्त्र चलेन । मैलै त हामीकोमा संवैधानिक राजसंस्था पनि सहज र सम्भव देखेको छैन । त्रिभुवनको बोलीबाटै सुरु अभ्यास गरिएको भए सम्भव हुन्थ्यो कि ? तन्त्र, जनता र छिमेकी पनि यस कालक्रममा यही मान्यता र परम्परामा अभ्यस्त बन्थे कि ? त्यो चरण गुज्रियो ।

अब त सम्भव छैन । खोपीबाट मुक्त गरिएपछि परम्परा बनाएको राजातन्त्रको लालसालाई भनिन्छ नि 'रगत खाएको बाघ जस्तो' जिब्रो ललपाउने भइसकेको छ । भनिने संवैधानिक राजसंस्था भूराजनीतिक कारण पनि निरंकुश राजतन्त्र नै बन्ने रहेछ, बनेको छ ।

किनभने स्वतन्त्र शालीन विवेक र विचार बोल्नसमेत 'भित्ताको पनि कान हुन्छन्' भनेर मुख थुनिएको र भयदोहनमा परेको बन्दी अनुभवी वा पुस्ता हो हाम्रो । अरू त इतिहासले नै खुलस्त गर्नेछ ।

दिल्ली, जबाहरलाल नेहरू संग्रहालयमा सुरक्षित राजा महेन्द्रलाई नेहरूले लेखेको उक्त चिठी प्रदीप गिरिको प्रेरणा र पदमबहादुर थापाको सहयोगमा नयाँ पत्रिकाले छापेको छ । यो चिठी नेपालमा संवैधानिक राजसंस्था सम्भव भएन वा अब पनि सम्भव र सहज छैन भन्ने संकेत पनि हो ।

थप भूसामरिक रणनीति नेपालमा चर्किएको छ । उत्तर, दक्षिण हाम्रा दुवै छिमेकी विश्वशक्ति स्पर्धामा दौडिँदै छन् । यस्तो दौडको थर्को यहाँको राजनीतिमा पर्नेछ । राजावादीहरू दक्षिणी थर्कोले यहाँको राजनीतिलाई दबाबमा पारेको प्रचार गर्छन् । तर, उनीहरू नै यतिबेला चाहिँ त्यही दक्षिणको धार्मिक हिन्दुत्वको सहस्रोतको थर्कोमा राजा फर्काउने खुला गफ सगर्व गर्छन् पनि ।

चीन पनि नेपाली मामिलामा चुप लागेर टुलुटुलु हेर्ने अवस्थामा छैन । विश्वका अरू शक्तिको पनि चासो छ । यही चासोमा आआफ्नो स्वार्थ पूरा गर्न शक्ति राष्ट्रले राजाहरूलाई दुरुत्साहन गरेको देखिने इतिहास खुला छ । तब राजसंस्था होइन, अनि यस्तै दुरुत्साहनको शक्तिमा राजतन्त्र बनेको, बनाइएको हो ।

कार्यकारी प्रमुखको प्रत्यक्ष चुनावमा कसरी शक्तिशाली भिड्छन् भन्ने जान्न माल्दिम्समा हालै सम्पन्न निर्वाचन पढ्दा बुझिन्छ । त्यहाँ भारत र चीनबीचको भीडन्त परम्परा रोचक वा शासकीय सोच निर्धारण गर्न शिक्षा प्रदायक साथै यस क्षेत्रमा चीनले आफ्नो भूमिका निश्चित गर्न चाहेको पनि बुझिन्छ । अनि बुझिन्छ शक्तिसम्पन्न कार्यकारीलाई आफ्नो पार्ने शक्ति प्रपञ्च । नेपालको निरंकुश राजतन्त्र यसैको परिणाम थियो ।

शक्तिशालीहरूको बुझिने रणनीतिक छिर्का हाम्रो राजनीतिमा पर्छ र परेको भनिन्छ । संवैधानिक राजसंस्था भन्नेहरूले भएका दुरुत्साहन वा इतिहासको पृष्ठभूमिमा राजासंस्थालाई अब फर्काउन सम्भव छैन र संवैधानिक राजसंस्था पनि सहज भएन भन्ने मान्दा हुन्छ ।

खासमा यो धरातलीय सत्य बुझ्न र फर्कन उद्यत वा दुरुत्साहित पारम्पारिक राजा ज्ञानेन्द्रले स्वीकार्न जरुरी छ । यो सत्य पहिल्यै बुझेर व्यवहार गरेको भए, जनता सार्वभौम स्वीकारेको भए, निर्विवाद सम्मानित बसेको भए राजसंस्था जाने नै थिएन । जब गयो परिवर्तन आयो । परिवर्तनको गति उल्टो छैन । पश्चात्ताप सिवाय केही बचेन ।

*(साभार: बाह्रखरी)*

# उद्योगी व्यवसायीका मागमा टेकेर राजनीति गर्नु गलत



नरेश कटुवाल

मुलुकले विगत दुई वर्षदेखि अर्थतन्त्रमा समस्या भोग्दै आइरहेको छ । कोरोना महामारीले पारेको प्रभावबाट मुलुकको अर्थतन्त्र माथि उठ्न सकेको छैन । अर्थतन्त्र मात्रै होइन, उद्योग व्यवसायमा समेत ठूलो असर पऱ्यो । उक्त असरबाट उद्योगी-व्यवसायीहरू व्यवसाय छाडेर पलायन हुन बाध्य भए । सरकारले उद्योगी व्यवसायलाई पुरानै लयमा फर्काउने नीतिगत निर्णय गर्न नसक्दा उद्योग व्यवसायले लय समाउन सकेन ।

व्यापार व्यवसाय नहुँदा बैंकबाट लिएको ऋण समेत तिर्न नसक्ने अवस्थामा उद्योगी व्यवसायी पुगेका छन् । व्यवसायीको समस्या समाधान गरी आर्थिक नीतिहरूमा सुधार ल्याउने काममा राज्य लाग्नुपर्नेमा मौन बस्ने काम गरिरहेको छ । उद्योगहरूमा उत्पादन ७० प्रतिशत कमी आएको छ भने बजारमा माग समेत कमी हुँदा मन्दीको अवस्था छ । सरकारले मुलुकको अर्थतन्त्र सुधारका लागि सर्वप्रथम उद्योगी व्यवसायीको माग सम्बोधन गर्नुपर्नेमा अझै सरकार विभिन्न सत्ता परिर्वतन र कुर्सीको संरक्षणमा बढी जोड दिएको छ ।

उद्योग व्यवसाय र व्यापार ठप्प हुँदा उद्योगी व्यवसायी व्यापार व्यवसाय छाडेर विदेश पलायन हुन बाध्य भएका छन् भने कतिपय साना व्यवसायी आत्महत्या गर्न बाध्य भए । बैंकको ब्याजदर किस्ता तिर्न नसकेर प्रेम आचार्यजस्ता व्यवसायीले दिउँसै शरीरमा आगो लगाएर आत्मदाह समेत गरे । तैपनि सरकारले व्यवसायीका माग सम्बोधन गरेन । व्यवसायीको माग केही छैन । बैंकको ब्याजदर 'सिङ्गल डिजिट' बनाउने र व्यवसाय गर्ने वातावरण सिर्जना गर्ने गरी आर्थिक र मौद्रिक नीतिमा परिमार्जन गर्नु भन्ने हो ।

सरकारले उद्योगी व्यवसायीको माग सम्बोधन नगरी व्यवसाय नै गर्न नसक्ने गरी बैंकको ब्याजदर १७ प्रतिशतसम्म पुग्यो । बैंकहरूले समस्यामा परेका उद्योगी व्यवसायीलाई कर्जाको ब्याज, किस्ता र ऋण तिर्न ताकेता गर्ने, पसल घर लिलामीमा राख्ने, ऋणीको नाम कालो सूचीमा राख्नेजस्ता काम गऱ्यो । बैंकको यस्तो ज्यादतीले व्यवसायीहरू व्यवसाय छाडेर पलायन र आत्महत्या गर्न बाध्य भए । उद्योगी व्यवसायीको यस्तो अवस्था हुँदा समेत सरकार मौन बस्दा उद्योगी व्यवसायीहरू बैंकको ब्याजदर घटाउन र बैंकको ज्यादतीविरुद्ध सडक आन्दोलन समेत गर्न बाध्य भए ।

बैंकहरूको ज्यादतीविरुद्ध नेपाल राष्ट्रिय व्यवसायी महासंघको नेतृत्वमा नौवटाभन्दा बढी व्यवसायी महासंघ र अन्य व्यवसायी संघहरू मिलेर दुई चरणको सडक आन्दोलन समेत गरे । साना र मध्यम वर्गका उद्योगी व्यवसायीले बैंकको ब्याजदर कम गर्न चरणबद्ध आन्दोलन गरेपश्चात् नेपाल उद्योग वाणिज्य महासंघ लगायत संस्था समेत सडक आन्दोलनमा आएका थिए । सबै व्यवसायी सडक आन्दोलनमा आउँदा समेत सरकारले एक वर्षसम्म उद्योगी व्यवसायीको माग सम्बोधन गर्न सकेन ।

अस्वाभाविक रूपमा कर्जाको ब्याज वृद्धि गर्ने र किस्ता तिर्न ताकेता तथा कालोसूचीमा राख्नेजस्ता बैंक तथा वित्तीय संस्थाको दादागिरीका कारण व्यवसायीहरू आन्दोलित हुन पुगेका हुन् । त्यसैको आडमा बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्दिनँ भन्नेजस्ता अर ाजक गतिविधि हुन थाले । यो अवस्था बैंक तथा वित्तीय संस्थाहरूको कारणबाटै आएका हो । तर बैंकको ऋण नै तिर्दिनँ भनेर सडक आन्दोलन गर्नु गलत हो ।

### अराजक शैलीमा प्रसाईंको आगमन

बैंकहरूविरुद्ध कालोमोसो दल्ने र बैंकको ऋण नतिर्ने भन्दै व्यवसायीको मागलाई टेकेर एक्कासि सडकमा व्यवसायी दुर्गा प्रसाईं आए । विभिन्न माग राख्दै सरकारसँग राहत माग गरिरहेका र बैंकले ऋण तिर्न बारम्बार ताकेता गरिरहेका पीडित उद्योगी व्यवसायीले प्रसाईंको समर्थन गरे । बैंकको ब्याजदर र ऋण तिर्न नसकेका व्यवसायीहरू आन्दोलनरत रहेका बेला लघुवित्त र सहकारीको ऋणपीडितलाई समेत समेटेर समाधान खोज्ने भनेपछि प्रसाईंलाई पक्षमा भिड बढेजस्तो देखियो । त्यही भिडको आडमा व्यवसायीका मागलाई टेकेर प्रसाईंले काठमाडौंमा सडक आन्दोलन समेत गरे । उनले व्यवस्था परिवर्र्तनको उद्घोष समेत गरे ।

उद्योगी व्यवसायीलाई अहिले कुनै व्यवस्था परिवर्तनको खाँचो छैन । बैंकको ब्याजदर एक बिन्दुमा होस्, सहज रूपमा व्यापार व्यवसाय गर्न पाइयोस्, मुलुकको अर्थतन्त्रमा आएको मन्दी हटेर व्यवसायीको माग सम्बोधन होस् भन्नेमै व्यवसायी छन् । बैंकको ऋण तिर्न नसक्ने उद्योगी व्यवसायीलाई नीतिगत रूपमा सहजीकरण गरी व्यवसायबाट पलायन हुनबाट रोक्नका लागि राज्यले कदम चाल्नुपर्छ । अहिले आम उद्योगी व्यवसायीको माग यही हो, व्यवस्था परिर्वतनको होइन ।

लघुवित्तपीडित र सहकारी पीडितको ऋण मिनाहा गर्ने आडमा राजतन्त्र ल्याएर वर्तमान व्यवस्था परिर्वतन गर्ने खेल हुनु दुर्भाग्य हो । पीडितको भिडको आडमा राजनीतीकरण गरी नेता बन्न खोजेको देखिन्छ । बैंकहरूबाट साढे पाँच अर्ब ऋण लिएको भनिएका प्रसाईंसित भिड देखिएको छ । निक्षेपकर्ताले बैंकमा राखेको रकम नै प्रसाईंले कर्जाका रूपमा लिएका हुन् । प्रसाईंले बैंकलाई ऋण नतिर्ने ढिपी गरेर हिँडिरहेका छन् । आफ्नै बचत रकम फिर्ता नगर्ने बताइरहेका प्रसाईंको पक्षमा कतिपयले हुटिङ गरिरहेका छन् ।

यही भिडको आडमा सामाजिक, धार्मिक, सांस्कृतिक सद्भावविरुद्ध आन्दोलन भएको छ । संविधानले धर्मनिरपेक्षता स्वीकार गरेको छ तर प्रसाईं हिन्दु राज्यको वकालत गरिरहेका छन् । देशको निश्चित समुदायमाथि अनेक लाञ्छना लगाउने काम भएको छ । यो समग्र रूपमा हेर्दा व्यवसायीका लागि पनि असर पर्ने देखिएको छ । आन्दोलनका कारण शिथिल बनेको व्यापार व्यवसाय अझ शिथिल बन्ने अवस्था सिर्जना भएको छ । मुलुकका समग्र उद्योगी व्यवसायीहरू व्यवस्था परिर्वतनभन्दा पनि सही नीति र कार्यान्वयनको पक्षमा छन् ।

पछिल्लो समय भएको आन्दोलनका कतिपय माग सकारात्मक छन् तर धमिलो पानीमा माछा मार्ने कामबाहेक केही भएको छैन । सरकारसम्म आफ्ना माग पुऱ्याउन उद्योगी व्यवसायीहरू स्वयं सक्षम छन् । कोही नेता भएर अगाडि सर्न आवश्यक छैन । हरेकपटकका आन्दोलनमा उद्योगी व्यवसायी र जनताको नारा लगाउने तर सडकमा पुगेपछि राजनीति जोडेर भाषण र गतिविधि हुने गरेका छन् ।

लघुवित्त, सहकारीपीडित र उद्योगी व्यवसायीको मागको विषयलाई नारा बनाएर अराजक गतिविधिले उद्योगी व्यवसायीको भलो हुने देखिँदैन । यसले सामाजिक एकता र शान्ति सुरक्षामा खलल पुगेको देखिन्छ । नेता बन्नका लागि अराजक रूपमा व्यापारीलाई नंग्याउनेदेखि बैंकको ऋण नतिर्ने भन्दै भिड जम्मा गर्नु राम्रो होइन । अहिले रोजगारी, आर्थिक सुरक्षा, सुशासन नभएकाले मान्छेमा असन्तुष्टि छ ।

त्यसलाई उशृंखल तत्त्वले उपयोग गर्ने प्रयास गरेका छन् । मुलुकमा आर्थिक मन्दी छ । बेरोजगारी छ । महँगी छ । व्यापार, व्यवसायमा समस्या छ । सांस्कृतिक, धार्मिक, सामाजिक रूपमा एक खालको विचलन आएको छ । यस्तो बेला राज्यले विधि र विधानबाट काम गर्न नसक्दा प्रसाईं प्रवृत्तिहरूको जन्म भएको देखिन्छ । अब राज्यले साना तथा मझौला उद्योगी व्यवसायीले बैंकको ब्याज र समयमा किस्ता तिर्न नसक्नेहरुलाई केही सहुलियत दिनुपर्छ । त्यति भए मात्रै पनि उद्योगी व्यवसायीको मनोबल उच्च हुन्छ ।

राजतन्त्रको मुद्दा बोक्ने प्रसाईंबाट लघुवित्तपीडित, बैंकको ऋण र किस्ता तिर्न नसक्ने व्यवसायी र जनताले मुक्ति पाउँदैनन् । २०४२ सालमा राजतन्त्रले खुला अर्थतन्त्र र निजीकरणको नीति ल्याएर देशमा अर्थिक अराजकता आएको थियो । बैंक, सहकारी तथा लघुवित्तपीडित जनताको सहानुभूति लिएर राजतन्त्र फर्काउने प्रसाईंको द्वैध चरित्रसहितको सपना पूरा हुँदैनन् ।

बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्दिनुपर्दैन भन्नु अराजकता हो । वतर्मान व्यवस्थाले बोल्ने र आन्दोलन गर्ने अवसर मिलेको छ । मुलुकको अर्थतन्त्रमा सुधार गरी व्यवसायीको समस्या यही व्यवस्थाबाट सम्बोधन गरी मुलुकलाई समृद्ध बनाउन आवश्यक छ ।

*(साभार: रातोपटी)*

# भूकम्पबाट प्रभावित क्षेत्रका विद्यार्थीलाई चिसोबाट जोगाउन छैन तयारी

काठमाडौं/गत १७ कात्तिकको भूकम्पपछि जाजरकोट र रुकुमका धेरै विद्यालय भत्किँदा हिजोआज विद्यार्थीहरु अस्थायी टहरामा बसेर पढिरहेका छन् । कतिपय विद्यालयमा त अस्थायी टहरा पनि निर्माण नभएकाले खुला चौरमै राखेर पढाउने गरिएको छ ।

विद्यालय भवन भत्किएको र डेस्क बेन्चहरु पनि पुरिएका कारण धेरै विद्यालयमा विद्यार्थीहरु भुइँमै बसेर पढिरहेकाछन् । खुला चौर र अस्थायी टहरामा राखेर पढाउँदा विद्यार्थीहरु चिसोका कारण बिरामी पर्न सक्ने देखिएको छ ।

त्रिपाल, जस्तापाता र प्लास्टिकको बार हालेर बनाइएका अस्थायी कक्षाकोठाले चिसो छेक्न सक्दैनन् । स्थानीय तह र शिक्षामा काम गर्ने निकाय पनि यो समस्यासँग अवगत छन् । तर पक्की संरचना बनाउन केही वर्ष लाग्ने भएकाले अस्थायी टहरामा नै चिसो छेक्ने उपाय अपनाउनु उचित हुने उनीहरु बताउँछन् ।

जाजरकोटको नलगाड नगरपालिकाका भत्किएका विद्यालयहरुमा अझै अस्थायी सिकाइ केन्द्र बनाउन बाँकी छ । पालिकाका शिक्षा स्रोतव्यक्ति मणिराम पोखेल भन्छन्, 'अहिले जाडो महिना भएको र घाम लागिरहेकाले खुला चौरमा पढ्न, बस्न गाह्रो भएको छैन । अब चाँडै अस्थायी सिकाइ केन्द्रहरु बनिसक्छन् ।'

यस्ता अस्थायी सिकाइ केन्द्रले बालबालिकालाई चिसोबाट रोक्ला त भन्ने प्रश्नमा पोखरेल भन्छन्, 'कहाँ धान्नु तर चिसो हावा छेकिनु पनि धेरै हो ।'

नलगाड नगरपालिकाको ७१ विद्यालयमध्ये ५४ वटा विद्यालय पूर्ण र २१ वटा विद्यालयमा आंशिक क्षति भएको छ । भूकम्पको कारण



५ हजार ७८ विद्यार्थी प्रभावित छन् ।

भूकम्पमा परी ८ जना विद्यार्थी, एक जना शिक्षक, एक जना विद्यालय व्यवस्थापन समिति अध्यक्षको मृत्यु भएको थियो । आमा अथवा बाबु अथवा आमाबाबु दुबै गुमाएका विद्यार्थी २८ जना रहेका छन् ।

जाजरकोटकै भेरी नगर पालिकाका ५५ वटा सामुदायिक विद्यालय मध्ये २३ वटा विद्यालयका ३१ वटा भवन भत्किएका छन् । त्यसमध्ये विभिन्न गैर सरकारी संस्थाहरुले १३ वटा विद्यालयका अस्थायी सिकाइ केन्द्र निर्माण गरि दिने प्रतिवद्धता गरेका छन् ।

पालिकाका प्राविधिक सहायक चित्रबहादुर ओलीका अनुसार कतिपय विद्यार्थी खुला चौरमा बसेर पठनपाठन गरिरहेका छन् । 'अहिलेसम्म दिउँसो घाम लागिरहेको भएर समस्या छैन । जिम्मा लिएको संघसंस्थाहरुले मंसिरभित्र सक्ने गरी अस्थायी सिकाइ केन्द्र निर्माण गर्छौं भनेका छन्', उनले भने ।

भूकम्पमा परी १५ जना सामुदायिक विद्यालयका विद्यार्थी र पालिका भित्रका निजी विद्यालयका दुई विद्यार्थी गरी १७ जना र एक निजी विद्यालय शिक्षकको मृत्यु भएको थियो ।

जाजरकोट जिल्ला शिक्षा समन्वय इकाइले टहराको विकल्प खोजिरहेको जनाएको छ । इकाइ प्रमुख रमेश मल्ल जिल्ला शिक्षा समूहको बैठकले अस्थायी संरचना भन्दा बलियो र चिसो छेक्ने गरी अर्को सिकाइ केन्द्र टाइप टु टिएलसी (टेम्पोररी लर्निङ सेन्टर) बनाउने निर्णय गरेको बताउँछन् ।

त्यसका लागि केही साझेदार संस्थाहरु पनि भेटिएका छन् । 'अहिले निर्माण भइरहेको अस्थायी सिकाइ केन्द्र भनेको प्लास्टिक अथवा पालले बनाइएको टहरा हो यो तत्कालको लागि मात्रै हो त्यसैले अब भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको मापदण्ड अनुसार टाइप टु टिएलसी बनाउने भन्ने छ', उनले भने ।

जाजरकोटका ४२३ विद्यालयमध्ये भूकम्पले २८९ वटा विद्यालय पूर्ण रुपमा क्षति पुगेको छ । २४ जना विद्यार्थी र दुई जना शिक्षकको मृत्यु भएको थियो ।

रुकुम पश्चिमको आठविसकोट नगरपालिका शिक्षा अधिकृत ईन्द्रबहादुर विष्टका अनुसार भूकम्पको कारण क्षति पुगेका सबै विद्यालयहरुमा अस्थायी सिकाइ केन्द्र निर्माण भइसकेका छन् । निर्माण भएका अधिकांश अस्थायी सिकाइ केन्द्रहरु पालको छाना र सिपोलिन प्लाष्टिकको बार छ ।

उनी भन्छन् 'तत्कालका लागि बनाइएका हुन् प्लाष्टिकको बारले कत्ति चिसो धान्छ र ? चिसोबाट जोगाउन विद्यालय सञ्चालनको समय हेरफेर गर्छौं ।' पालिकाले बालबालिकाको लागि न्यानो कपडाको लागि विभिन्न संघसंस्थासँग कुरा गरिरहेको र विद्यालय सञ्चालन समय मिलाउने समेत उनले बताए । टिनको छाना र बाँसको बार लगाइएका भने केही वर्ष टिक्नसक्ने बताए ।

पालिकाको ६४ विद्यालय मध्ये ५२ वटा विद्यालयमा १३९ वटा सिकाइ केन्द्र निर्माण भएका छन् । उनले भने 'हामीले सबै विद्यालयमा अस्थायी सिकाइ केन्द्र र किताब बाहेकको झोला, पेन्सिल, कपी लगायतको शैक्षिक सामग्री वितरण गरिसकेका छौं । अबको केही दिनमा पुस्तक पनि पाउँछन् ।'

भूकम्पबाट पालिकाका ९ हजार ८४४ विद्यार्थी प्रभावित छन् । ११ जना विद्यार्थी र एक कार्यालय सहयोगीको मृत्यु भएको थियो ।

रुकुम पश्चिमकै सानीभेरी गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद विकास शाखाका शाखा अधिकृत भूपाल सिं विष्टका अनुसार पालिकाको ४५ विद्यालय मध्ये ३२ वटा विद्यालयको भवनमा पूर्ण क्षति पुऱ्याएको छ ।

क्षति पुगेको विद्यालयहरुमा ७४ वटा अस्थायी सिकाइ केन्द्र निर्माण भइसकेको छ । शाखा अधिकृत भन्छन् 'हो, अब झन् चिसो बढ्दै गइरहेको छ, विद्यालय समय मिलाउँछौं ।' पालिकाका अनुसार भुकम्पमा परी ६ जना विद्यार्थी मृत्यु भएको थियो ।

रुकुम पश्चिम शिक्षा तथा समन्वय इकाइ प्रमुख तारा पुनका अनुसार शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शैक्षिक सत्र २०८१ को लागि पठाइएको बजेटबाट काम चलाउन आग्रह गरेको बताउँछन् ।

'शैक्षिक सत्र २०८१ को लागि स्थानीय तहलाई पाठ्यपुस्तकको पठाइएको रकमबाट चलाउने, नपुग रकम शिक्षा तथा मानवस्रोत केन्द्रमा माग गर्ने भन्ने पत्र आएको छ, त्यही अनुसार कार्यान्वयन गर्छौं', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# रेखाले अमेरिकामा सन्तानलाई जन्म दिन लागेकी हुन् ?



काठमाडौं/नेपाली फिल्ममा गर्विलो पहिचान बनाएकी अभिनेत्री रेखा थापा आगामी फागुनमा आमा बन्दैछिन् । चार महिनाको गर्भ हुर्किरहेको समयमा उनले आफ्नो निर्माण समेत रहेको फिल्म 'उपहार'मा नृत्यदेखि एक्सनसम्म गरेकी थिइन्, जुन फिल्म महाशिवरात्रीको दिन पारेर आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्म रिलिजकै महिनामा आमा पनि बन्न लागेकाले रेखा उत्साहित छिन् ।


तर, रेखाले आफ्नो पहिलो सन्तानलाई नेपालमा नभइ संयुक्त राज्य अमेरिकामा जन्म दिन लागेको खबर बाहिरिएको छ । शनिबार 'रजतपट' नामक टेलिभिजन कार्यक्रमले यसको खुलासा गरेको हो । उनी यसै साता श्रीमान् बलराम शाहीको साथमा अमेरिका जान लागेको समेत कार्यक्रममा जनाइएको छ । अमेरिका जाने भएपछि यतिबेला उनको भागको 'उपहार'को डबिङ भैरहेको छ ।

अमेरिकामा सन्तान जन्माउँदा त्यहाँको राज्यबाट प्राप्त हुने केही फाइदा र सुविधा छन् । यदि, कुनै बच्चा अमेरिकामा जन्मियो भने ऊ स्वत: त्यहाँको नागरिक हुने प्रावधान रहेको छ ।

यसैले पनि केही नेपाली अभिनेत्रीहरुले अमेरिकामा नै सन्तानलाई जन्म दिएका छन् । अभिनेत्रीहरु जल शाह, निशा अधिकारी, ऋचा घिमिरे, विनिता बराल लगायतले अमेरिकामा सन्तानलाई जन्म दिएका थिए ।

अब रेखाले पनि पहिलो सन्तानलाई अमेरिकामा जन्म दिन लागेको चर्चा छ । तर, यस विषयमा उनले कुनै जानकारी दिएकी छैनन् । उनी यसअघि केही पटक अमेरिका पुगेर आइसकेकी छन् । उनका श्रीमान् त अमेरिकामा नै बस्ने गर्छन् । त्यहाँ उनको व्यवसाय रहेको बताइन्छ । रेखा घुमफिरलाई मात्रै अमेरिका जान लागेकी हुन् या सन्तानलाई जन्म दिन, त्यो भने अब समयले नै बताउनेछ ।

# 'चित्रा'मा यथार्थ र लार्जर द्यान लाइफको फ्यूजन छ : निर्देशक लामिछाने



काठमाडौं/निर्देशक घनश्याम लामिछानेको कथावाचन शैली पृथक मानिन्छ । विशेषगरि सामाजिक कथा भन्न रुचाउने उनले परम्परागत कथ्य संरचनालाई अपनाएका छैनन् । आफ्ना दुई फिल्म 'धौली' र 'पञ्चेबाजा'मा उनले कथावाचनमा फरक प्रयास गरेका थिए । अब उनी निर्देशित नयाँ फिल्म 'चित्रा' आगामी पुष २७ गते प्रदर्शनमा आउँदैछ । यसमा पनि फरक शैलीमा कथा भनेको उनको दाबी छ ।

फिल्ममा उनले यथार्थ र लार्जर द्यान लाइफको फ्यूजनलाई आफ्नै शैलीमा ढालेका छन् । घनश्याम भन्छन्, 'हामीले देखासिकी गरेर कथा देखायौं। अरुले भनेका कथाहरु भन्यौं । कथा भएनन् भनेर खोज्दै पनि हिंड्यौं । तर, हामीले घर-समाजकै कथालाई भनेनौं । 'चित्रा'मा भने हामीले बाबु-छोरीको कथा भन्ने प्रयास गरेका छौं ।' फिल्मको कथामा सबैले अपनत्व महसुस गर्ने उनको विश्वास छ ।

निर्देशक लामिछाने फिल्मको कथा यथार्थपरक रहे पनि प्रस्तुतिका हिसाबले मनोरञ्जनात्मक रहेको दाबी गर्छन् । 'मैले यसअघिका फिल्ममा समाजको नजिक रहेर ऐना बन्ने प्रयास गरेको थिएँ । यसमा मैले प्रस्तुतिमा लार्जर द्यान लाइफ शैली समातेको छु र फिल्म मनोरञ्जान्त्मक बनाउने कोशिश गरेको छु । फर्स्ट हाफ यथार्थसँग धेरै नजिक छ र दोश्रो हाफ लार्जर द्यान लाइफ छ,' उनले भने ।

मूलधारको फिल्ममा आएदेखि घनश्यामले कलाकार चाहिँ स्थापित नै खोज्ने गरेका छन्, जुन 'चित्रा'मा पनि टुटेको छैन । तर, मुख्य भूमिकामा रहेका सन्तोष अधिकारीको भने यो डेब्यू फिल्म हो । निर्देशक लामिछाने सबै कलाकारको कामबाट सन्तुष्ट देखिन्छन् । उनलाई सबैभन्दा खुशी चाहिँ फिल्मकी बाल कलाकार आयुशी ढकालले दिइन् । आयुशीको कामबाट उनी प्रभावित भएका छन् ।

उनी नाटकमा कलाकार र सहायक निर्देशक हुँदै फिल्मको निर्देशक बनेका हुन् । उनले 'प्रेम मिलन' फिल्मबाट निर्देशनमा फड्को मारेका थिए । यसपछि गुरुङ फिल्म 'रोधी' निर्देशन गरे । मूलधारको पहिलो फिल्म भने उनको 'धौली' हो । फिल्म निर्देशनअघि उनी अंग्रेजीको प्राध्यापक थिए । फिल्मप्रतिको मोहले उनले शिक्षण पेशा नै छाडिदिए । अहिले पूर्णकालिन फिल्ममेकिङमा छन् ।

# केयूले ल्याएको हाइड्रोजन कार कहिलेदेखि चल्छ ?

काठमाडौं/ धुलिखेल स्थित काठमाडौं विश्वविद्यालय (केयू) परिसरमा कोरियाबाट भर्खरै ल्याइएको एउटा नयाँ गाडी गुड्ने प्रतीक्षामा छ । उक्त गाडी पेट्रोल, डिजेल वा ब्याट्रीबाट नभई हाइड्रोजनबाट चल्ने गाडी हो । विश्वविद्यालयअन्तर्गत ग्रीन हाइड्रोजन ल्याबले परीक्षण प्रयोजनका लागि केही दिनअघि मात्रै उक्त गाडी नेपाल भित्र्याएको हो ।

गाडी आइपुगेको करिब तीन साता भइसके पनि इन्धनका कारण अहिलेसम्म सञ्चालनमा हुन सकेको छैन । केयूले निर्माण गरेको हाइड्रोजन फ्युल स्टेशन अन्तिम चरणमा छ । यही मङ्सिर मसान्तसम्म उक्त स्टेशन सञ्चालनमा आउने र त्यसपछि नेपालमा पहिलो पटक हाइड्रोजन फ्युल सेलमा आधारित सवारीसाधन सञ्चालन हुने ल्याएको केयूका उपप्राध्यापक तथा ल्याबका प्रमुख डा. विराजसिंह थापा बताउँछन् ।

हाइड्रोजन गाडी नेपाल भित्रिए पनि कानुन अभावका कारण दर्ता नहुने देखिएको छ । नेपालको कानुनले हाइड्रोजन इन्धनमा आधारित सवारी साधनलाई नचिन्ने भएकाले दर्तामा अन्योल सिर्जना भएको डा थापाको भनाइ छ ।

'नेपालको कानुनले हालसम्म पेट्रोल, डिजेल र ब्याट्रीबाट चल्ने गाडी मात्रै दर्ता गर्नसक्ने व्यवस्था गरेको छ । त्यसैले कानुनी व्यवस्था नभएसम्म यसलाई दर्ता गर्न मिल्दैन', थापाले भने, 'कानुनी व्यवस्था नभएसम्म विश्वविद्यालयको अनुसन्धान कार्यका रुपमा मात्रै यो गाडी प्रयोग गर्छौं ।'

हाइड्रोजन गाडी ल्याउनुको प्रमुख उद्देश्य विश्वविद्यालयले तयार गरेको फ्युल स्टेशनको अनुसन्धान गर्नु रहेको उनको भनाइ छ । हाइड्रोजन गाडीको 'डेमोस्ट्रेसन'ले हाइड्रोजनको उपयोग र महत्वबारे थप प्रष्ट पार्न सहयोग पुग्ने अनुसन्धान टोलीको विश्वास छ ।

ल्याब प्रमुख थापा भन्छन्, 'हामीले तीन वर्षदेखि हाइड्रोजनबारे अनुसन्धान गऱ्यौं, हामीले बनाएको इन्धनबाट गाडी चलेपछि यसको महसुस जनताले गर्न सक्छन्, त्यतिमात्रै नभएर हाइड्रोजनको उपयोगसम्बन्धी कानुन निर्माणमा समेत यसले सकारात्मक भूमिका निर्वाह गर्न सक्छ ।'

अहिलेसम्म केयूको ल्याबले पेट्रोल गाडीलाई विद्युतीय बनाउनेदेखि नेपालमै उत्पादित हाइड्रोजन इन्धनबाट खाना पकाएर देखाएको छ । ल्याबमा पाँच जना विद्यावारिधिसहित २२ जना अनुसन्धानकर्ताले काम गर्दै आएका छन् । मूलत: हाइड्रोजन र यससँग सम्बन्धित उत्पादनको सम्बन्धमा आर्थिक-प्राविधिक मूल्यांकन गर्नु ल्याबको मुख्य उपलब्धि रहेको प्रमुख थापा बताउँछन् ।

**कसरी बन्छ हाइड्रोजन ?**

पानीलाई रासायनिक प्रतिक्रियामार्फत टुक्र्याएरपछि हाइड्रोजन र अक्सिजन बन्छ । नौ लिटर पानीलाई रासायनिक प्रतिक्रियाबाट टुक्र्याउँदा एक किलोग्राम हाइड्रोजन उत्पादन हुन्छ । त्यसरी टुक्र्याउन ५० देखि ६० युनिट विद्युत् खर्च हुने उपप्राध्यापक थापा बताउँछन् । यो हिसाबले हेर्दा हाइड्रोजन उत्पादनको लागत विद्युतको मूल्यमा निर्भर हुने उनको भनाइ छ ।

एक किलोग्राम हाइड्रोजन उत्पादन गर्न दुई सय ५० देखि तीन सय रुपैयाँसम्मको विद्युत् खर्च हुने तथा पावर प्लान्टमा गरिने लगानी र प्रशासनिक खर्चलगायत आधारमा नेपालमा एक किलोग्राम हाइड्रोजनको लागत पाँच सय रुपैयाँ पर्ने अनुसन्धानकर्ताको अनुमान छ ।

बर्खायाममा नेपालमा सयौं मेगावाट विद्युत् खेर गइरहेको अवस्था छ । त्यसलाई न्यूनतम मूल्यमा प्रयोग गर्न सक्दा निकै सस्तो मूल्यमा हाइड्रोजन उत्पादन हुनसक्ने प्रमुख थापाको भनाइ छ । उनका अनुसार अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले नेपालमा १.५ देखि १.७५ युरो अर्थात् प्रतिकेजी दुई सय रुपैयाँमा हाइड्रोजन उत्पादन सम्भव रहेको देखाएका छन् । यो विश्वका अन्य देशको तुलनामा सबैभन्दा सस्तो हो ।

हाइड्रोजनले यात्रुवाहक सवारीसाधनमा प्रतिकिलो दुई सय किलोमिटरभन्दा बढी 'रेञ्ज' दिने अन्तर्राष्ट्रिय अनुभव रहेको उनको भनाइ छ । विश्वविद्यालयले ल्याएको सो गाडी ६.५ किलोग्राम हाइड्रोजन फ्युल क्षमताको छ । यसबाट करिब एक हजार दुई सय किलोमिटरको यात्रा गर्न सकिने प्रमुख थापाको जिकिर छ ।

अहिले पेट्रोलियम सवारीको प्रतिकिलोमिटर इन्धन लागत १५ देखि २० रुपैयाँ पर्छ । हाइड्रोजन फ्युलको लागत यसको तुलनामा निकै सस्तो हो । ब्याट्रीबाट चल्ने गाडीकोभन्दा यो शुल्क महँगो भए पनि ब्याट्रीको फेर्ने खर्चकोसमेत हिसाब गर्दा यसको लागत कम पर्ने अनुसन्धानकर्ताको दाबी छ ।

यससँगै विश्वविद्यालयले हाइड्रोजनमै आधारित रहेर बन्ने मिथेन र एमोनिया ग्यासबारेसमेत अध्ययन गरिरहेको छ । मिथेन हाइड्रोजन र कार्बनडाइअक्साइडको रासायनिक प्रतिक्रियाबाट बन्छ, यसलाई प्राकृतिक ग्यास भनिन्छ, जुन खाना पकाउने एलपिजीको प्रतिस्थापनदेखि औद्योगिक हिटरमा समेत प्रयोग गर्न सकिन्छ ।

हाइड्रोजनलाई नाइट्रोजनसँग रासायनिक प्रतिक्रिया गराउँदा एमोनिया बन्छ । नाइट्रोजन हावामा सबैभन्दा बढी पाइने ग्यास हो । यसरी बन्ने एमोनियाको प्रयोग पानीको प्रशोधन, चिस्यान केन्द्रलगायत औद्योगिक प्रयोजनका लागि हुन्छ ।

एमोनियालाई कार्बनडाइ अक्साइड र अक्सिजनसँग रासायनिक प्रतिक्रिया गराए युरिया मल बनाउन सकिने अनुसन्धानकर्ताको भनाइ छ । विश्वविद्यालयले बागमती प्रदेश सरकारसँग मिलेर यस सम्बन्धमा अध्ययन गरेर युरिया मल बनाउन सकिने निष्कर्ष निकालेको थियो ।

पेरिस सम्झौताले सन् २०५० सम्ममा सबै सदस्य राष्ट्रले कार्बन उत्सर्जनलाई शून्यमा झार्नुपर्ने घोषणा गरेको छ । सो घोषणालाई पूरा गर्न हाइड्रोजन ऊर्जाको प्रयोग बढाउनु उपयुक्त रहेको बताइन्छ । अमेरिका, चीन, जापान, युरोपेली मुलुकले पनि नवीकरणीय ऊर्जाको प्रयोगमार्फत कार्बन उत्सर्जन कम गर्ने उद्घोषका साथ विभिन्न नियम, कानुन बनाएका छन् भने हाइड्रोजन, सौर्यलगायत नवीकरणीय ऊर्जामा लगानी बढाइरहेका छन् ।

अनुसन्धानको यो तीन वर्षमा डा थापा नेतृत्वको टोलीले हाइड्रोजनको अनुसन्धानका साथै यसको महत्वका बारेमा जानकारी गराउने काम गरेको छ । सोही कारण ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले हाइड्रोजनको उत्पादन तथा उपयोगको सम्बन्धमा राष्ट्रिय नीति बनाउन समिति गठन गरेको थियो । उक्त समितिको प्रतिवेदनका आधारमा अहिले मन्त्रालयबाट राष्ट्रिय नीति तयार भई अन्तिम स्वीकृतिको प्रक्रियामा रहेको छ ।

नीतिका लागि बनेको तीनवटै समितिमा विज्ञ सदस्यसमेत रहेका डा. थापा अहिलेसम्म आफ्नो टोली गरेको कार्यबाट सन्तुष्ट छन् । तर यसको व्यावसायिकीरण नभएर अवसर गुमाउनुपर्ने हो कि भन्ने उनको चिन्ता छ ।

'तीन वर्षअघि सुरु भएको अनुसन्धान आजसम्म आइपुग्दा तल्लो तहसम्म हाइड्रोजनको महत्वबारे सन्देश पुयाउन सफल भएका छौं, यो खुसीको कुरा हो', थापा भन्छन्, 'अब व्यापारिक दृष्टिकोणबाट काम थाल्नुपर्छ ।'

*(स्रोत: अनलाइनबर)*

## 'सलार' ट्रेलर : प्रभासको एक्सन अवतार

एजेन्सी, मुम्बई/ 'केजीएफ' फेम्ड निर्देशक प्रशान्त निल निर्देशित फिल्म 'सलार'को ट्रेलर सार्वजनिक गरिएको छ । पाँच भाषामा एकसाथ युट्युबमा सार्वजनिक गरिएको ट्रेलरको लम्बाई ३ मिनेट ४७ सेकेण्ड छ । 'केजीएफ'कै 'कलर टोन'मा तयार भएको ट्रेलरमा अभिनेता प्रभास एक्सन अवतारमा प्रस्तुत छन् । तर, दर्शकहरुले जुन प्रकारको एक्सन अपेक्षा गरेका थिए, त्यसमा भने ट्रेलर चुकेको भान हुन्छ ।

ट्रेलरमा प्रभासभन्दा अभिनेता पृथ्वीराज सुकुमारन बढी हाबी देखिन्छन् । फिल्ममा उनको प्रभावशाली भूमिका रहेको छनक मिल्छ । प्रभासको अपोजिटमा रहेकी अभिनेत्री श्रुति हासन भने २ सेकेण्डमा खुम्चिएकी छन् । निर्देशक निलका अनुसार, फिल्म दुईजना साथीको कहानीमा आधारित छ, जो सबैभन्दा ठूलो दुश्मन बन्न पुग्छन् । ट्रेलरले फिल्मप्रति दर्शकको उत्साह बढाउने निश्चित छ ।

'सलार'लाई पहिलो पार्ट भनिएको छ । अर्थात् यसको दोस्रो श्रृंखला पनि निर्माण हुनेछ । निर्देशक निलकै कथा तथा पटकथा रहेको फिल्ममा जगपति बाबू, टीनू आनन्द, एअस्वरि राव, श्रिया रेड्डी, रामाचन्द्र राजुलगायतको पनि अभिनय रहेको छ । यही डिसेम्बर २२ मा विश्वभर एकसाथ रिलिज हुन लागेको फिल्मको भिडन्त बलिउड अभिनेता शाहरुख खान अभिनीत फिल्म 'डंकी'सँग हुँदैछ ।

## 'जम्प'को 'फेरि फर्किन्छ' गीत रिलिज



काठमाडौं/यही मंसिर २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको आशुतोषध्वज कार्कीद्वारा निर्देशित फिल्म 'जम्प'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'फेरि फर्किन्छ' बोलको गीतमा विशाखा चन्द र भाष्कर स्वरको स्वर रहेको छ भने गायक स्वर स्वयंको शब्द र चना तथा संगीत छ । गीतमा फिल्मका प्रमुख पात्रको मनोदशालाई उतारिएको छ । गीतले नै फिल्म फरक शैलीमा बनेको संकेत गर्छ ।

यो फिल्ममा सरोज श्रेष्ठ, बिनिता थापा मगर, सन्देश शाक्य, सगुन तामाङ, मन्जिल जिसी, शंकर महर्जन, एन्जेलिका खत्री, अरोष्मा र न्जित, प्रज्वल खँडेल, सुदिप भुषाल, इलिस विष्ट, रितेश राजकर्णिकार लगायतको अभिनय रहेको छ । एक एथ्लेटिक्स खेलाडीले आफ्नो जीवन परिवर्तनका लागि दैवी शक्तिको साहरा लिएपछि आउने घटनाक्रमको कथावस्तुमा केन्द्रित भएर फिल्म बनेको छ ।

जीवनमा आइपर्ने बाध्यता र त्यसलाई पन्छाउनका लागि चालेको एउटा अनौठो कदमपछिको अवस्था र तनावलाई फिल्मले प्रस्तुत गर्ने निर्देशक कार्की बताउँछन् । फरक स्वाद रुचाउने दर्शकका लागि फिल्म रुचिकर हुने उनको विश्वास छ । फिल्ममा निर्देशक कार्कीको कथा छ । इशा खड्का कार्यकारी निर्माता रहेको फिल्मलाई काफिया फिल्म्सले देशभर वितरणको जिम्मा लिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा उपमहानगरपालिका
१० नं वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
१० नं. वडा कार्यालय परिवार

# जनकल्याण सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा-६, चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको २७ औं वीर्षक साधाणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभालाई सम्वोधन गर्दै बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले सहकारीको माध्यमबाट गरिवी न्यूनीकरण गर्न सकिने बताए । सहकारीले उद्देश्यअनुसार शेयर सदस्यको जीवनस्तरमा परिवर्तन गर्न सक्ने भएकाले त्यस तर्फ आफ्ना कार्यक्रम लक्षित हुने पर्नेमा जोड दिए । जनकल्याण सहकारी संस्था देशकै उत्कृष्ठ सहकारी भएकाले यसले गर्ने क्रियाकलापले सहकारीको दीगो विकासमा सहयोग गर्ने बताए ।



सहकारीका अध्यक्ष हिमाल पौडेलले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष चेतनाथ खतिवडाले आर्थिक प्रतिवेदन, लेखा संयोजक दिपनराज आचार्यले लेखा समितिको प्रतिवेदन र महिला उपसमिति संयोजक रेखा मैनालीले महिला उपसमितिको प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा संस्थापक शेयर सदस्य खिलप्रसाद गौतम, रघुप्रसाद आचार्य, रमेशप्रसाद लामिछाने, प्रल्हाद शर्माआचार्य, ज्येष्ठ शेयरसदस्य ईन्द्रसिह थिङ, राममाया डिमडुङ, मासिक बचतकर्ता सानोकान्छा थिङ, बबिता थापालाई पुरस्कृत गरिएको थियो ।

उद्यमी ब्यवसायीतर्फ सुशीला श्रेष्ठ, मधुवन श्रेष्ठ, असली कारोवारीमा हेमाकुमारी तिमल्सिना, सोमप्रसाद रुपाखेती सञ्चारकर्मीतर्फ सिधाखवर डटकमका श्रीराम दाहाल पुरस्कृत भएका छन् । संस्थाले साधारण सभामा बाल बचतकर्ता, धेरै सदस्य बनाउने र एकैदिन सदस्यता लिने जोडीलाई समेत पुरस्कृत गरेको थियो ।

साधारणसभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, बागमती प्रदेश दुग्ध विकास बोर्डका सञ्चालक सदस्य एवम् संस्थाका संस्थापक अध्यक्ष बासुदेव अधिकारी, जिल्ला बचत तथा ऋण सहकारी संघका सञ्चालक सदस्य शंकर कालाखेती, हेटौंडा सहकारीका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, कामधेनु बहुउद्धेश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, सुनगाभा बहुउद्धेयीय सहकारीका अध्यक्ष रामहरि न्यौपाने, संस्थाका सल्लाहकार बद्रीबहादुर पाठक, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल लगायतको उपस्थिति रहेको थियो ।

२ हजार ८ सय १३ जना शेयर सदस्य रहेको यस सहकारीको शेयर पूँजी २ करोड ५३ लाख, निक्षेप २१ करोड १५ लाख र ऋण लगानी २० करोड ५ लाख रहेको छ । संस्थाका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा साधारणसभा सम्पन्न भएको थियो । सहकारी संस्थाका अध्यक्ष पौडेलद्वारा स्वर्गीय पिता जगनाथ पौडेलको स्मृतिमा स्थापित छात्रवृति बंशगोपाल मावि चौघडामा कक्षा ११ मा अध्ययनरत शान्तिकुमारी शाह र पवित्रा अधिकारीलाई प्रदान गरिएको छ ।

यसैगरि समाजसेवी तथा सञ्चारकर्मी भीमसेन पौडेलले आफनी स्व.धर्मपत्नी दुर्गादेवी पौडेलको स्मृतिमा स्थापित छात्रवृत्ति मामाघर नेपालमा आश्रय लिई आनन्दभैरब आधारभूत विद्यालयमा कक्षा ७ मा अध्ययनरत श्रवण पहाडी, बंशगोपाल मावि, चौघडामा कक्षा ९ मा अध्ययनरत आश्मा राजभण्डारी र भानु मावि, मक्रान्चुलीमा कक्षा १० मा अध्ययनरत पूजा दाहाललाई प्रदान गरिएको छ । छात्रवृति रकम जनही ५ हजार रहेको छ । रकम निजहरुका आमा कृष्णकुमारी पौडेलले वितरण गरेका थिए ।

# आर्थिक भारको सारथी टोल विकास संस्था

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा उपमहानगरपालिका-५ का अध्यक्ष सुशील घिमिरेले सानोतिनो खर्चको लागि धितो खोज्नुपर्ने बाध्यताबाट माथि उठ्न टोल विकास संस्था महत्वपूर्ण भएको बताएका छन् ।

टोल विकास संस्थाले टोलको हरेक क्रियाकलापमा सहभागी हुँदै विकास र रचनात्मक कार्यमा अग्रभागमा खटिने गरेकोमा उनले खुसी व्यक्त गरे । हेटौंडा-५ सिंचाइ टोलस्थिति मनकामना पार्क टोल विकास संस्थाको २२ औं वार्षिक साधारणसभामा बोल्दै उनले यस्तो बताएका हुन् । सिचाई हुँदै मकवानपुरगढीस्थित मनकामना मन्दिर जाने बाटोका मन्दिरहरुलाई आकर्षक बनाएर विकासलाई अघि बढाउने, खुला ब्यायामशाला तथा खानेपानीको व्यवस्थापन गर्नमा ध्यान केन्द्रित रहने उनले बताए ।

संस्थाको अध्यक्ष जानुका संजेलको अध्यक्षतामा भएको बार्षिक साधारणसभा प्रभा-अनुज शैक्षिक अक्षय कोषका संरक्षक कृष्णप्रसाद धितालले शैक्षिक प्रगतिमा पनि टोल विकास संस्थासंग सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे । कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पस प्रमुख डा. शंकरप्रसाद उपाध्यायले टोल विकास संस्थाले टोलमा आयमूलक कामको सृजना नगरेको प्रति आपत्ति प्रकट गरे । उनले टोलको सरसफाइमा चासो दिनुपर्ने बताए ।



यसैगरी टोल विकास संस्था नगरसमन्वय समितिका महासचिव शिबहरि दाहालले टोलमा रहेका ज्येष्ठ नागरिक, बालबालिका, युवाको लागि बिशेष कार्यक्रम गर्नुपर्ने बताए । हेटौंडा उपमहानगर पालिका-५ का वडा टोल विकास समन्वय समिति संयोजक टीकाबहादुर खड्काले विकाससँगै रचनात्मक कार्य गरेर अघि बढ्नुपर्ने बताए । वडाको विकास निर्माणका काममा समन्वय र सहकार्य गरेर उत्कृष्ट टोल बन्नुपर्ने खड्काले बताए ।

वडासदस्य रामबहादुर राईले थोरैथोरै भनेपनि बचत र खर्च कटौती गर्नुपर्ने, उद्यमशीलतामा जोड्नुपर्ने, टोललाई पर्यटकीय क्षेत्रको रुपमा अघि बढाउन लागिपर्नु पर्ने सुझाव दिए । टोल विकास संस्थाले आफ्नो संस्थाको सदस्य परिवारबाट यसवर्ष एसईई नतिजामा उत्कृष्ट भएका साईरा उपाध्याय, निश्चल दाहाल, सिद्धान्त सुवेदी र शिशिर खराललाई पुरस्कार सहित सम्मान गरिएको संस्थाको सचिव भीमा गुरागाईले बताइन् ।

साधारणसभामा संस्थाका अध्यक्ष संजेलले संस्थागत प्रतिवेदन तथा कोषाध्यक्ष विश्वप्रसाद गौतमले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थामा हाल ५८ लाख कारोवार रहेको प्रतिवेदनमा उल्लेख छ । संस्थामा २ सय २१ जना बचतकर्ता रहेको अध्यक्ष संजेलले बताइन् । कार्यक्रम मनकामना खानेपानी उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद देवकोटा, शुभकामना बालक्लबको सचिव स्वरुपा गुरागाई लगायतको उपस्थिति रहेको थियो ।

# किसान कल्याणको कारोबार साढे ८ करोड बढी

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा-८ मा रहेको किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको शेयर पुँजी ९८ लाख रुपैयाँ रहेको छ । १ हजार २ सय शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयर पुँजी ९८ लाख ७१ हजार १ सय रुपैयाँ रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा सहकारीले ८ करोड ६२ लाख ५८ हजार ८२२ को आर्थिक कारोबार गरेको छ । संस्थाले शनिबार भएको २४ औँ वार्षिक साधारणसभामा सहकारीको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेको थियो । सहकारीले सदस्यलाई ६ करोड ८७ लाख ४ हजार २६८ रुपैयाँ कर्जा लगानी गरेको छ भने बचत निक्षेप तीन करोड ९९ हजार ४८ हजार ८०८ रहेको संस्थाका व्यवस्थापक केशवकुमार शाहीले बताए ।



९८ लाख ७१ हजार एक सय शेयरपुजीँ रहेको सहकारीमा २२ लाख ४५ हजार ६६२ रुपैयाँ जगेडा कोषमा रहेको व्यवस्थापक शाहीले बताए । संस्थाका अध्यक्ष मोतीलाल लामाको सभाध्यक्ष तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विशेष सम्मानतर्फ रामेश्वर अर्याल, युवराज पुडासैनी, गोरखनाथ राय, गोतामे मोक्तान र धनबहादुर डिम्डुङलाई सम्मान गरिएको थियो ।

त्यस्तै, जेष्ठ शेयर सदस्यतर्फ रागबहादुर गुरुङ र नारायणमानसिं डंगोल, आवधिक बचततर्फ देवबहादुर सुवेदी, मासिक बचततर्फ इन्द्रसिं थिङ, धितो कर्जातर्फ सजिना डिम्डुङ, अनुपा घलान, बिनाधितो कर्जातर्फ धनलक्ष्मी थापा, मैया गुरुङ गोम्बा, बालबचततर्फ विहान कार्की र रिदम स्याङ्तान, खेलकुदतर्फ सौगात डिम्डुङलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगर सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, वडासदस्य मञ्जु भुर्तेल, जिल्ला सहकारी संघका उपाध्यक्ष मेनुका दाहाल, जिल्ला बहुउद्देश्यीय सहकारी संघका सदस्य शर्मिला डंगोल, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका सचिव ईश्वर पण्डित, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, सर्वोत्तम संचिती साकोसका सचिव रामनाथ बगाले लगायतको आतिथ्यता रहेको थियो ।

# जनप्रियको ४७ औं वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ जनप्रिय माविको ४७ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमकाबीच सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समिति सदस्य कृष्णप्रसाद पनेरुको प्रमुख आतिथ्यता तथा शिक्षक अभिभावक संघका अध्यक्ष गुणराज रानाको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा खेलकुदसम्वन्धी विविध कार्यक्रम भएको हो । कार्यक्रममा प्रधानाध्यापक भुपेन्द्र चौलागाईको अध्यक्षता रहेको थियो ।

वार्षिकोत्सवको अवसर पारी विद्यालयले बिभिन्न कार्यक्रम आयोजना गरेको छ । जसमा नर्सरी, केजी १,२ र ३ कक्षाका लागि भ्यागुतो उफ्राई, बेलुन फूटाई, तातो आलू र बेलुन च्यापेर बोक्ने खेल सञ्चालन भएको थियो । त्यसैगरी कक्षा ४ र ५ को लागि म्यूजिकल चेयर र म्याथ रेस खेल भएको थियो । यसैगरी कक्षा ६,७ र ८ आधारभूत तहमा जोडी बोकेर दौडाइ, १०० मिटर दौड र म्याथ रेस प्रतियोगिता भएको थियो । यसैगरी कक्षा ९ र १० का लागि लङजम्प, ट्रिपल जम्प तथा बास्केट बल प्रतियोगिता सञ्चालन भएको थियो ।

यसैगरी कक्षा ११ र १२ साधारण तथा प्राविधिक धारतर्फ मैत्रीपूर्ण भलिबल प्रतियोगिता भएको थियो । कार्यक्रममा नेपाली माध्यम संयोजक नीरबहादुर खड्का, अंग्रेजी माध्यम संयोजक रविन श्रेष्ठ, अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक विभाग संयोजक युक्तलाल विश्वकर्मा एवम् बौद्धिक विभाग संयोजक सम्प्रस पौडेल लगायतको उपस्थिति रहेको थियो ।

# श्रमिक सुरक्षितको निक्षेप १४ करोड ३१ लाख

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्थाको १५ औँ वार्षिक साधारणसभा शनिबार हेटौंडामा भएको छ । संस्थाका अध्यक्ष नवराज अर्यालको सभाध्यक्षता तथा राष्ट्रियसभा सदस्य गोमादेवी तिमल्सिनाको प्रमुख आतिथ्यतामा सभा भएको हो ।

२ हजार १ सय २९ जना शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयरपुँजी ३ करोड ४१ लाख ५० हजार ६ सय रुपैयाँ रहेको छ । संस्थाले आर्थिक वर्ष २०७९/८० मा १६ करोड ८१ लाख ४८ हजार, ३६४ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक सुशीलचन्द्र शर्माले बताए । सहकारीको बचत




निक्षेप १४ करोड ३१ लाख ५५ हजार ४५० रुपैयाँ र जगेडा कोष २ करोड ४ लाख ५५ हजार ७२८ रुपैयाँ रहेको छ ।

कार्यक्रममा विभिन्न विधामा सदस्यलाई पुरस्कृत तथा सम्मान गरेको छ । जेष्ठ सदस्यतर्फ ज्ञानप्रसाद घिमिरे र राममाया भ्लोन, नियमित मासिक बचततर्फ उत्तर बहादुर श्रेष्ठ, अधिकतम बचत गर्ने सदस्य विजयाकुमारी दुलाल, ऋणमा अधिकतम व्याज तिर्ने सदस्य राजु गौतम, नियमित ऋणको किस्ता भुक्तानी गर्ने सदस्य तेजबहादुर स्याङ्बोलाई सम्मान गरिएको थियो । त्यस्तै, एसईइमा उत्कृष्ट अंक ल्याउने नीजि विद्यालयतर्फ सुजल महर्जन र रचना उप्रेती सामुदायिक विद्यालय तर्फ दिव्या रेग्मीलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरका सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीना चौरेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, संस्थाका सल्लाहकार बद्रीनाथ शर्मालगायतको आतिथ्यता रहेको थियो ।

# हरेक क्षेत्र अपाङ्गमैत्री बनाइनुपर्छः प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले सार्वजनिक निकायका संरचना तथा अन्य हरेक कार्यस्थल अपाङ्गमैत्री बनाइनुपर्नेमा जोड दिएका छन् ।

अपाङ्गता दिवसका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै प्रदेशप्रमुख शर्माले 'हरेकस्थानमा निर्माण गरिने भौतिक संरचनाहरु, सार्वजनिक यातायातका साधन, सडक, सेवाप्रवाह गरिने सार्वजनिक निकाय एवम् विभिन्न कार्यस्थललाई अपाङ्गमैत्री बनाइनुपर्ने ।' बताए । 'दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता:अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता' भन्ने नारासहित नेपालमा आइतबार ३२ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाईदैछ ।



प्रत्येक वर्ष डिसेम्बर ३ का दिन यो दिवस मनाउँदै आइएको सन्दर्भ उल्लेख गर्दै प्रदेशप्रमुख शर्माले फरक क्षमताका सम्पूर्ण देशबासीप्रति आफूले उठाउँदै आएका मुद्दाहरुमा सफलता प्राप्तिका लागि शुभकामना दिएका छन् । नेपालमा अपाङ्गता भएका व्यक्तिलाई कानूनीरुपमा अधिकारसम्पन्न बनाइएको उल्लेख गर्दै उनीहरुको पूर्ण र समान सहभागिता सुनिश्चित गर्नुका साथै समाजको हरेक क्षेत्रमा र विकासमा समावेशिताका लागि विभिन्न अभियानहरु सञ्चालन पनि भइरहेको उनको भनाई छ ।

समाजले अपाङ्गता भएकाहरुको अवस्थालाई हेर्ने दृष्टिकोणलाई रुपान्तरण गर्दै विकासको मूलप्रवाहमा सहभागिता गराउने कार्यमा कन्ज्युस्याँई हुन नहुने प्रमुख शर्माको भनाई छ । उनीहरुको पक्षमा प्रभावकारी ढंगमा क्रियाशील हुनुनुपर्ने शर्माको सन्देशमा उल्लेख छ । 'फरक क्षमता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता पक्षमा प्रभावकारी ढंगबाट क्रियाशील रहनु सबैको दायित्व हो ।' शर्माले भनेका छन् ।

प्रदेशप्रमुख शर्माले अपाङ्गता भएका व्यक्ति, यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायलगायत सबैलाई भिन्न क्षमता भएका नागरिकको पक्षमा सदैव क्रियाशील रहन यो दिवसले उर्जा मिलोस् भनेका छन् ।

# हेटौंडा एकेडेमीका विद्यार्थीद्वारा बिरामीलाई फलफूल वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ देशको विभिन्न भागबाट हेटौंडा एकेडेमीको छात्रावासमा बसेर अध्ययन गरिरहेका विद्यार्थीले आफ्नो नियमित शैक्षिक क्रियाकलाप अन्तर्गत हेटौंडा अस्पतालका बिरामीलाई फलफूल बितरण गरेका छन् ।

'म सेवा गर्छु' भन्ने भावमा आधारित विभिन्न क्रियाकलाप गर्ने क्रममा शनिबार हेटौंडा अस्पतालको विभिन्न वार्डमा भर्ना भएर उपचाररत बिरामीलाई फलफूल वितरण गर्दै उनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरे । हेटौंडा एकेडेमीका सीइओ रमेश रिमालको विशेष उपस्थितिमा विद्यार्थीले बिरामीलाई फलफूल बितरण गरेका हुन् ।

आगामी फागुनमा एकेडेमीले रजतवर्ष मनाउने तयारी गरिरहेको सीइओ रिमालले जानकारी दिएका छन् ।

एकेडेमीका प्रशासन तथा लेखाशाखाप्रमुख सुमन आचार्य र छात्रावास प्रमुख पेम्बा लामाले विद्यार्थीहरुलाई समन्वय गरेका थिए । एकेडेमीका सीइओ रिमालले 'सिकाइलाई जीवनसँग जोड्न सकियो भनेमात्र सिकाइ अर्थपूर्ण हुन्छ' भन्ने भावनाको विकास गर्दै एकेडेमीले कक्षाकोठामा सिकेको कुरालाई ब्यवहारमा उतार्ने प्रयास गरेको बताए ।

हेटौंडा एकेडेमीमा कक्षाकोठामा सिकेका कुरालाई व्यवहारमा उतार्न विद्यार्थीलाई सधैं प्रेरित गरिने सीइओ रिमालले जानकारी दिए । यस्ता विभिन्न कार्यक्रमका साथ स्थापनाको २५ औं वर्षगाँठ मनाईरहेको हेटौंडा एकेडेमीले रजत जयन्ती मूल समारोह भने आगामी फागुनमा आयोजना गर्ने रिमालले बताए ।

# मकवानपुरमा घरेलुहिंसा बढ्दो

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मकवानपुरमा घरेलुहिंसा बढ्दो छ । जिल्लामा बितेको आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७९/८० मा ३४ प्रतिशतले घरेलुहिंसाका घटना बढेको पाइएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले सार्वजनिक गरेको तथ्यांकमा मकवानपुरमा घरेलुहिंसा बढेको पाइएको हो । जिल्लामा आर्थिक वर्षमा ६०३ जना महिलामाथि घरेलुहिंसा भएको पाइएको हो । मकवानपुरमा आर्थिक वर्ष २०७७/७८ मा ४४६ जना, आर्थिक वर्ष २०७८/७९ मा ५६८ महिला तथा बालबालिका हिंसाको सिकार भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी वरिष्ठउपरीक्षक दीपक रेग्मीले जानकारी दिए ।

चालु आर्थिक वर्षमा पनि मकवानपुरमा १५७ जना महिलामाथी हिंसा भएको प्रहरीले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

बागमती प्रदेश सरकारबाट हस्तान्तरित कृषि विकास तथा पशु सेवा तर्फका

## कार्यक्रम संचालन सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशन मिति: २०८०।०८।१७ गते)*

हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रमअन्तर्गत बागमती प्रदेश सरकारबाट हस्तान्तरित देहायबमोजिमका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धमा यस वडा कार्यालयको मिति २०८०।०८।११ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका कृषक, कृषिफर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरु, शैक्षिक संस्था, सार्वजनिक संस्थाहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशीलबमोजिम शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रकम | साझेदारको लागत सहभागित (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| ०१ | तरकारी विकास कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०२ | गाई प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०३ | पाडापाडी प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |
| ०४ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | १० लाख | २० देखि ५० प्रतिशत सम्म | |

**शर्तहरुः**

- वडा नं. १६ भित्रका कृषक, कृषि फर्म, कृषक समूह, कृषि तथाब हुउद्देश्यीय सहकारी संस्थाहरु, शैक्षिक संस्था, सार्वजनिक संस्थाहरु मात्र आवेदक हुन सक्नेछन् ।
- कृषि तथा पशुपालन पूर्वाधार, संरचना लगायत निर्माण कार्यको हकमा बढीमा ८० प्रतिशत र चालू प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप अनुदान दिइनेछ ।
- साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य कुनै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको हुनुपर्नेछ ।
- साझेदारले अनुदान रकमलिई दुरुपयोग गरेको पाइएमा, दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानूनबमोजिम असुल उपर गरिनेछ ।
- अनुदान वितरण सम्बन्धी अन्य कुराहरु स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०, हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ र अन्य प्रचलित कानुनबमोजिम हुनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

- आवेदक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, र अन्यको हकमा दर्ता तथा नवीकरणका कागजातहरुको प्रतिलिपि
- साझेदार संस्था भएमा सम्बन्धित् संस्थाको निर्णय
- कार्यक्रमसंग सम्बन्धित् प्रस्तावना
- प्रतिबद्धतापत्र

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना